वालिङ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

गण्डकी प्रदेश, स्याङ्जा

## नगरपालिकाको मोबाइल एप तथा वेब एप ( Mobile App and Web App ) निर्माणको लागि प्राविधिक तथा आर्थिक प्रस्ताव सम्बन्धी सूचना ।

प्रथम पटक प्रकाशित मिति : २०७५/०२/२४

यस वालिङ नगरपालिकामा सेवाग्राहीहरुलाई अनलाईन सेवा दिनुपर्ने भएकोले तपशिल बमोजिमको सेवा दिनका लागि इच्छुक फर्म/संस्था वा कम्पनीले १५ दिन भित्र प्राविधिक र आर्थिक प्रस्ताव पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. इच्छुक योग्यता पुगेका फर्म/संस्था वा कम्पनीले तोकिएको ढाँचामा आर्थिक र प्राविधिक प्रस्ताव पत्र निम्नानुसारको कागजात सहित पेश गर्नुपर्नेछ ।
   - आर्थिक र प्राविधिक प्रस्ताव छुट्टाछुट्टै खामबन्दी गरी पेश गर्नुपर्नेछ ।
   - प्राविधिक प्रस्ताव मूल्याङ्क गरिसकेपछि मात्र आर्थिक प्रस्ताव खोलिनेछ ।
   - संस्थाको विस्तृत विवरण सत्य एवम् पूर्ण रहेको हुनुपर्ने ।
   - संस्थाको कानुनी दर्ता ( दर्ता नवीकरण, भ्याट / पान दर्ता, कर चुक्ता प्रमाणपत्र आदि) संलग्न हुनुपर्ने ।
   - संस्थाको प्रोफाईल तथा कामको अनुभव विवरण
   - संस्थाको विगत ३ वर्षको वित्तीय कारोबार सम्बन्धी विवरण
   - संस्था कालो सूचीमा नपरेको स्वघोषित पत्र
   - विगत ५ वर्षमा गरेका समान प्रकृतिको काम र स्थानको विवरण
   - संस्थाको प्रमुख तथा आवद्ध पेशागत विज्ञ व्यक्तिहरुको व्यक्तिगत विवरण तथा कार्यानुभवको क्षेत्र आदि ।

२. इच्छुक आवेदक फर्म/संस्था वा कम्पनीले आर्थिक तथा प्राविधिक प्रस्तावसम्बन्धी कागजात विस्तृत अध्ययन गरी उल्लेख विवरणहरु भरी आवश्यक कागजात संलग्न गरी शिलबन्दी गरी खामको बाहिर नाम, ठेगाना, फोन नं. , र विषय उल्लेख गरी यस कार्यालयमा पेश गर्नुपर्नेछ ।

३. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समयभित्र यस कार्यालयमा दर्ता गराईसक्नुपर्नेछ । उक्त दिन सार्वजनिक विदा परेमा भोलिपल्ट पेश गर्न सकिनेछ । म्याद र रित पुर्‍याई दर्ता हुन आएका प्रस्ताव पत्र १६ औं दिनको २:०० बजे वालिङ नगरपालिका नगरकार्यपालिकाको कार्यालयमा प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ ।

४. म्याद नाघी आएका तथा रीत नपुगेका प्रस्ताव पत्र स्वीकार गरिनेछैन ।

५. आवेदक संस्थाको आधिकारिक कागजात तथा प्रमाण, कार्य अनुभव र आर्थिक, भौतिक तथा मानवीय संशाधनको अवस्थालाई आधार मानी प्रस्ताव मूल्याङ्कन गरिनेछ।

६. आर्थिक तथा प्राविधिक प्रस्ताव मूल्याङ्कनका आधारमहरु तोकिएबमोजिम हुनेछ ।

७. यस आर्थिक तथा प्राविधिक प्रस्ताव पत्र आव्हान सम्बन्धी सूचनामा उल्लेख गर्न छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन २०६३, तथा नियमावली २०६४ बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

फोन नं : +९७७-६३-४४०१७७, ४४०२३७
ईमेल:walingmun@gmail.com
फ्याक्स : ०६३-४४०१४७
वेब पेज : www.walingmun.gov.np

## तपशिल

सेवाग्राहीलाई अनलाईन सेवा दिने उद्धेश्यले मोबाईल र वेब (Mobile App and Web App) दुबैमा चलाउन मिल्ने गरी तल उल्लेखित सुविधाहरु समेट्नेगरी तयार पारिएको सफ्टवेयर सिस्टम ।

१. वडा तथा नगरपालिकाबाट दिईने सम्पूर्ण सिफारिसहरु अनलाईन निवेदन दिन मिल्ने र सोको भूक्तानी अनलाईन (e-Sewa/e-banking) बाटै मिलाउनुपर्ने, साथै सेवाग्राहीले सिफारिसहरु अनलाईनबाटै प्राप्त गर्ने ।

२. नक्सापासको सम्पूर्ण कागजातहरु डिजीटल डाटाबेसमा राख्न मिल्ने र नक्सापास प्रक्रिया अनलाईन सिस्टमबाटै भई सेवाग्राहीले प्राप्त गर्ने ।

३. एकीकृत सम्पत्तिकरको भूक्तानी अनलाईन सिस्टमबाट (e-Sewa / e-banking) बाट सञ्चालन गर्नुपर्ने ।
पहिलेदेखि सञ्चालनमा आएको सफ्टवेयरको API प्रयोग गर्न सकिने गरी निर्माण गर्ने साथै भूक्तानीको अपडेट सिस्टममा जग्गाको कित्ता अनुसार गराउनुपर्ने ।

४. योजनाहरुको भूक्तानी प्रक्रिया अनलाईनबाटै दिन मिल्ने गरी बनाउनुपर्ने ।
योजनाहरुको प्रगतिको अपडेट Real Time मा प्राप्त गर्न सकिने गरी डिजाईन गर्नुपर्ने

५. Resource Mapping /GIS को डाटाहरु Web based गर्नुपर्ने ।

६. कर्मचारीबीच काम गर्ने समयमा कुरा गर्न मिल्ने गरी Chatting Module राख्नुपर्ने ।

७. केन्द्रीय पञ्जीकरण विभागबाट सञ्चालनमा आएको VERSS-MIS पनि सोही मोबाईल एपमार्फत सञ्चालनमा ल्याउनुपर्ने ।

८. अहिले प्रयोगमा रहेको वेवसाईटको डाटाहरु नयाँ App मा sync हुने गरी डिजाईन गर्नुपर्ने ।

९. समयअनुसार अन्य मोड्युलहरु थप्दै जाने सुविधा (शिक्षा, स्वास्थ्य, सहकारी कृषि आदि ) ।

१०. डाटाको सुरक्षाको लागि Security Policy and Architecture उल्लेख गर्नुपर्ने ।

भीमकान्त पौडेल

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत